NEWS
THE CARTER CENTER
ONE COPENHILL, ATLANTA, GA 30307

**कात्तिक** १४, २०७०
**तत्काल प्रकाशनका लागि**
**सम्पर्क: एटलान्टामा, डेबोरा ह्याक्स** +१ ४०४-४२०-५१२४; **काठमाडौंमा, डेविड ह्यामिल्टन** +९७७ १-४४४-५०५५

**कार्टर सेन्टरद्वारा नेपालको मङ्सिर ४ गतेको निर्वाचनपूर्व भएको प्रगति र चासोबारे उल्लेख**

आज सार्वजनिक गरिएको एक प्रतिवेदनमा, द कार्टर सेन्टरले मङ्सिर ४ गतेको संविधानसभाको निर्वाचन विश्वसनीय रूपमा सञ्चालन गर्न सहयोगका लागि नेपालको निर्वाचन आयोग, उम्मेदवार तथा दलहरू र सरकारलाई श्रृङ्खलाबद्द सिफारिस गरेको छ।

ती सिफारिस आठवटा देशबाट आएका १२ जना दीर्घकालीन पर्यवेक्षकहरूले यही असोज ९ गतेदेखि नेपालभर निर्वाचनपूर्वका तयारीसम्बन्धी गरेका प्रतिवेदनका निष्कर्षमा आधारित छन्। उनीहरूलाई कात्तिक अन्ततिर २७ देशबाट आउने थप ५१ जना अल्पकालीन पर्यवेक्षकहरूले मतदान र मतगणनाको अनुगमन गर्नमा साथ दिनेछन्।

कार्टर सेन्टर निर्वाचनसम्बन्धी तयारीका प्राविधिक पक्षहरू मूलतः समयतालिका अनुसार नै भएको र चुनावी अभियानको वातावरण सामान्यतया खुला रहेको बताउँदछ। यद्यपि सेन्टर निर्वाचन तयारीको समयतालिका कसिलो (*tight*) भएको, मतदाता परिचयपत्रसम्बन्धी मुद्दा अझै नसुल्झिएको, विरोधी उम्मेदवारका समर्थकहरूबीच छिटपुट झडपहरू भएको तथा त्यस्ता घटना बढ्दै गएको र निर्वाचन अभियान तथा मतदाता शिक्षा सामग्रीहरू लुटिएकामा चिन्तित भएको छ। त्यसबाहेक, निर्वाचन विरोधी दलहरूका कात्तिक २५ देखि मङ्सिर ५ गतेसम्म घोषणा गरिएको बन्दलगायतका गतिविधि र योजनाका सम्बन्धमा अनिश्चितता जारी नै छ।

निर्वाचनको दिन नजिकिँदै जाँदा, कार्टर सेन्टर राजनीतिक दलहरू तथा तिनका उम्मेदवारहरूलाई नेपालको निर्वाचन आयोगको आचारसंहिताको पालना गर्न र निर्वाचन आयोगलाई समयमै आवश्यक सामग्रीहरू उपलब्ध गराउन तथा मतदाता परिचयपत्रसम्बन्धी बाँकी रहेका मुद्दाहरूलाई समाधान गर्न आह्वान गर्दछ। विरोधमा उत्रेका राजनीतिक दलहरूलाई सबै नागरिकको आवतजावत गर्नपाउने स्वतन्त्रताको अधिकार र सार्वजनिक मामिलामा भाग लिनपाउने उनीहरूको अधिकारलाई सम्मान गर्न पनि सेन्टर आग्रह गर्दछ।

द कार्टर सेन्टरले नेपालको निर्वाचन आयोग तथा अन्तरिम मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीको लिखित निमन्त्रणामा नेपालको संविधानसभा निर्वाचनको पर्यवेक्षण गरिरहेको छ। सेन्टरले निर्वाचन प्रक्रियाको निष्पक्ष तथा स्वतन्त्र मूल्याङ्कन नेपाली सर्वसाधारण तथा अन्तर्राष्ट्रिय समुदायलाई आफ्ना आवधिक वक्तव्य तथा प्रतिवेदनहरूमार्फत् उपलब्ध गराउनेछ। यी सामग्रीहरू हाम्रो वेबसाइट www.cartercenter.org मा उपलब्ध हुनेछन्।

सेन्टरको पर्यवेक्षण मिसन सन् २००५ मा संयुक्त राष्ट्रसङ्घद्वारा पारित गरिएको तथा ४० वटाभन्दा बढी निर्वाचन पर्यवेक्षण समूहद्वारा अनुमोदन गरिएको *अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणका लागि सिद्धान्तहरूको घोषणापत्र र अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षकहरूका लागि आचारसंहिता*अनुसार सञ्चालन गरिन्छ। नेपालको राष्ट्रिय कानुनी खाका र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सम्झौताहरूमा समेटिएका लोकतान्त्रिक निर्वाचनका लागि उसका दायित्वहरूमा आधारित रहेर कार्टर सेन्टरले यहाँको निर्वाचन प्रक्रियाको मूल्याङ्कन गर्दछ।

*"शान्ति स्थापना, रोगसँग संघर्ष, आशाको निर्माण।"*

*लाभरहित उद्देश्यको एक गैरसरकारी संस्था, कार्टर सेन्टरले द्वन्द्व समाधान, लोकतन्त्र, मानवअधिकार तथा आर्थिक अवसरको प्रवर्द्धन, रोग निवारण, मानसिक स्वास्थ्यसम्भारको सुधार गर्दै र विकाशशील राष्ट्रका किसानहरूलाई अन्न उत्पादन बढाउन सिकाउँदै ७० भन्दा बढी देशका नागरिकको जीवनस्तर उन्नति गर्न सहयोग गरेको छ। कार्टर सेन्टर १९८२ मा अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टर तथा उहाँकी धर्मपत्नी रोजालिनद्वारा इमोरी विश्वविद्यालयसँगको साझेदारीमा संसारमा शान्ति तथा स्वास्थ्यको प्रवर्द्धन गर्न स्थापित भएको हो। कार्टर सेन्टरबारे थप जान्नका लागि कृपया धधधाअबचतभचअभलतभचायचन मा जानुहोस्।*